# जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

## विशेष साधारण सभाको निर्णय (माइन्युट) को विवरण

साधारण सभा सम्पन्न मिति : २०८३ साल असार १० गते, बुधबार

जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
कटहरी २, मोरंग
Web: www.jeevanbikasmf.com
email: info@jeevanbikasmf.com

**जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको**
**विशेष साधारणसभाको**
**कामकारवाहीको विवरण (माइन्युट)**

१) **वैधानिक सभाः**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति **२०८३/०२/२५ गते सोमबार बसेको १४४ औं बैठकको** निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली अनुरूप विशेष साधारणसभा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री बिक्रमराज सुवेदीज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२) **सभाको मिति, समय र स्थानः**

**मितिः** २०८३ असार १० गते बुधबार (तदनूसार २४ जून, २०२६)

**समय :** बिहान १० : ३० बजे ।

**स्थान :** वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कटहरी २, मोरङ्ग ।

३) **सभाको सूचना प्रकाशन :**

३.१ साधारणसभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयवस्तुहरू सहितको सूचना पहिलो पटक २०८३ जेष्ठ २६ गते र दोस्रो पटक मिति २०८३ जेष्ठ २९ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा तथा वित्तीय संस्थाको वेवसाइटमा सुचना प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

४) **उपस्थिति :**

४.१ सञ्चालकहरू (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार) :

| | | | |
|---|---|---|---|
| १. | श्री बिक्रमराज सुवेदी | अध्यक्ष | **उपस्थित** |
| २. | श्री श्यामचन्द्र खतिवडा | सञ्चालक | **उपस्थित** |
| ३. | श्री प्रकाश कुमार श्रेष्ठ | सञ्चालक | **उपस्थित** |
| ४. | श्री इन्द्र नारायण देव वैश्य | सञ्चालक | **उपस्थित** |
| ५. | श्री गोकर्ण खतिवडा | सञ्चालक | **उपस्थित** |
| ६. | श्री असोक सिटौला | सञ्चालक | **उपस्थित** |
| ७ | डा. बन्दना कुमारी जैन | सञ्चालक | **उपस्थित** |

४.२ व्यवस्थापन समूह :

| | |
|---|---|
| १. श्री संजय कुमार मण्डल | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री दामोदर रेग्मी | नायव प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ३. श्री सुदिप कुमार मण्डल | विभागीय प्रमुख |
| ४. श्री विनोद प्रसाद साह | विभागीय प्रमुख |

५. श्री मनोज कुमार साह — विभागीय प्रमुख
६. श्री रमेश राय — विभागीय प्रमुख
७. श्री अञ्जय कुमार मण्डल — विभागीय प्रमुख
८. श्री सावित्री देवी श्रेष्ठ — विभागीय प्रमुख
९. श्री रन्जना निरौला — विभागीय प्रमुख
१०. श्री कुमोद कुमार मण्डल — विभागीय प्रमुख
११. श्री शिव कुमार राम — विभागीय प्रमुख
१२. श्री मनोज कुमार शर्मा — विभागीय प्रमुख
१३. श्री रामनारायण यादव — प्रदेश प्रमुख

४.३ पर्यवेक्षक तथा प्रतिनिधिको उपस्थिति :

१. श्री विकास थापा — कानुनी सल्लाहकार

४.४ सभाको उपस्थिति विवरण :

कम्पनीको कुल २३३ जना संस्थापक शेयरधनीहरु मध्ये ३३ जना तथा कुल १,१४,८६६ जना सर्वसाधारण शेयरधनीहरु मध्ये २० जना शेयरधनीहरुको स्वयं उपस्थिती रह्यो ।

| कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | स्वयं उपस्थित शेयर संख्या (क) | प्रतिनिधिद्वारा उपस्थित शेयर संख्या (ख) | जम्मा (क + ख) | उपस्थित शेयर संख्याको प्रतिशत |
|---|---|---|---|---|---|---|
| १,७५,१२,३५५।६२ | ११,२०,८४०।०५ | ५६,९१,५१५।५७ | ६०,१३,७३८ | ३५,८३,२२९ | ९५,९६,९६७ | ५४।८० |

## ५) सभाको वैधानिकता र गणपुरक संख्या :

५.१ साधारणसभा शुरू हुनुभन्दा अंघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम वित्तीय संस्थाको विशेष साधारणसभा बोलाईएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो ।

५.२ तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको सभाले मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कारवाही बढाउन सभाले अनुमति दियो ।

## ६) सभाको अध्यक्षता र आसन ग्रहण :

कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम तथा वित्तीय संस्थाको नियमावलीको नियम १८(१) बमोजिम साधारणसभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नुपर्ने व्यवस्था भए बमोजिम कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री बिक्रमराज सुवेदीज्यूलाई सभाको अध्यक्षता ग्रहण गरिदिन हुन आग्रह गर्नु भयो र वहाँले अध्यक्षको आसन ग्रहण गर्नुभयो । साथै, कम्पनी सचिवले अनुरोध गरे बमोजिम अन्य सञ्चालकहरू लगायत पर्यवेक्षक तथा अन्य प्रतिनिधिहरुले पनि क्रमशः सभामा आ-आफ्नो स्थानमा आसन ग्रहण गर्नुभयो ।

७) **सभाको औपचारिक उद्घाटन :**

सभामा आसन ग्रहणको कार्यक्रम समाप्त भएपश्चात वित्तीय संस्थाका महिला कर्मचारीहरुबाट ड्यासमा विराजमान सञ्चालक समितिका पदाधिकारीहरु, आमन्त्रित अतिथि तथा पर्यवेक्षकहरुलाई खादा तथा माला लगाउने कार्यक्रम सम्पन्न भयो तत्पश्चात नेपालको गरीमामय राष्ट्रगान तथा लघुवित्तगान प्रस्तुत भयो र अध्यक्षज्यूले पानसमा बत्ती बालेर सभाको औपचारिकरुपमा उद्घाटन गर्नुभयो । सभामा उपस्थित

८) **स्वागत मन्तव्य :**

कम्पनी सचिवले अनुरोध गर्नुभए बमोजिम वित्तीय संस्थाका सञ्चालक **डा. बन्दना कुमारी जैन** ज्युले उपस्थित सवैलाई स्वागतार्थ स्वागत मन्तव्य राख्नु भयो । सभालाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृतले वित्तीय संस्थाको संक्षिप्त वित्तीय जानकारी तथा प्रगति विवरणको जानकारी दिंदै सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, अतिथि एवं पर्यवेक्षकहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्य व्यक्त गर्नुभयो । सभामा उपस्थित सञ्चालक तथा पर्यवेक्षकहरुले वार्षिक साधारणसभाको सफलताको कामना गर्दै शुभकामना आदान प्रदान गर्नु भयो ।

९) **सभाको औपचारिक सञ्चालन :**

सभाको औपचारिक कार्यवाही अगाडि बढाउन तथा छलफलका लागि पूर्व निर्धारित विषयसूचीहरू सभामा प्रस्तुत गर्न सभा अध्यक्षबाट कम्पनी सचिवलाई अनुमति प्रदान भयो ।

८.१ सञ्चालक समितिको मिति २०८१/१०/२४ गते बसेको ११५औ बैंठकको निर्णयबाट बैंक तथा वित्तीय संस्था ऐन २०७३ को दफा १४ को उपदफा ३ बमोजिम एक जना स्वतन्त्र संचालक नियुक्त गर्नु पर्ने एवं सोहि ऐनको दफा ८६ को उपदफा २ बमोजिम महिला संचालक नियुक्त गर्नु पर्ने व्यवस्था बमोजिम स्वतन्त्र संचालक पदमा श्री वन्दना कुमारी जैन लाई ४ वर्षे पदावधी हुनेगरी नियुक्त गरिएको व्यहोरा साधारण सभामा जानकारी गरियो ।

१०) **सभामा औपचारिकरुपमा पेश भएका छलफलका विषयहरू :**

**क) विशेष प्रस्तावहरु**

१. यस जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, कटहरी मोरङ्ग, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँके र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा काभ्रेपलाञ्चोक बीच एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन पारित गर्ने ।

२. तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने सम्बन्धमा हालसम्म गरिएको काम कारवाही, निर्णय, खर्च रकम र लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने ।

३. तीनवटै लघुवित्त वित्तीय संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit-DDA) प्रतिवेदनको आधारमा संयुक्त मर्जर समितिको सिफारिसमा सञ्चालक समितिले निर्धारण गरेको शेयर आदान प्रदान अनुपात (Share SWAP Ratio) सहित गाभ्ने गाभिने (Merger) सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने ।

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.

४. तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा तयार गरिएको अन्तिम सम्झौता पत्र र व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection) स्वीकृत गर्ने ।

५. तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा यस संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने ।

६. तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने लगायतका कार्य सम्पन्न गर्न र प्रबन्धपत्र तथा नियमावलीमा सभावाट भएको संशोधन प्रस्तावमा नियमनकारी निकायवाट निर्देशन भएमा सोही वमोजिम संशोधन हेरफेर गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७. भविष्यमा अन्य कुनै लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ख) विविध**

११) **सभाबाट पारित प्रस्ताव तथा निर्णयहरु :**

**क) विशेष प्रस्तावहरु तर्फका निर्णयहरु**

**निर्णय नं. १ :** सञ्चालक समितिको मिति २०८२/१२/१४ र मिति २०८२/१२/२८ गतेको निर्णयानुसार यस वित्तीय संस्था लिमिटेड, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँके र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा काभ्रेपलाञ्चोक बीच एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा मिति २०८२/१२/२८ मा प्रारम्भिक सहमतिमा हस्ताक्षर गरी मिति २०८२/१२/३० मा सैद्धान्तिक सहमति स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा संयुक्त निवेदन पेश गरिएकोमा नेपाल राष्ट्र बैंकबाट पत्र संख्याः बै.वि.नि.वि./मर्जर/०६/०८२/८३ मिति २०८३/०२/१९ को पत्रबाट सैद्धान्तिक सहमति प्राप्त भएकोले गाभ्ने/गाभिने सम्बन्धमा सम्पूर्ण प्रक्रिया पुरा गरी गाभ्ने/गाभिने सम्बन्धी यस साधारण सभामा सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुभएको प्रतिवेदन उपर छलफल गरी सर्वसम्मत रुपमा पारित भयो ।

**निर्णय नं. २ :** सञ्चालक समितिको मिति २०८२/१२/२५ को निर्णयानुसार यस वित्तीय संस्था लिमिटेड, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँके र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा काभ्रेपलाञ्चोक बीच एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा मिति २०८२/१२/२८ मा सम्पन्न भएको प्रारम्भिक सहमति र सञ्चालक समितिको निर्णयानुसार प्रारम्भिक सहमतिमा उल्लेख गरी गठन गरिएको संयुक्त मर्जर समितिले तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्न/गाभिनका लागि गरेको सम्पूर्ण काम कारवाही तथा निर्णयहरु, तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने प्रक्रियामा हालसम्म भएको खर्च रकम रु. १३,७८,०२६ र तीनवटै लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit-DDA) गरी शेयर स्वाप अनुपात सहित प्रतिवेदन पेश गर्न नियुक्त मुल्याङ्कनकर्ता लेखा परीक्षक एन.वि.रोकाया एण्ड एसोसिएट्सको (N.B. Rokaya & Associates) नियुक्ति तथा निजलाई पारिश्रमिक वापत प्रदान गरिएको लेखा परीक्षण शुल्क र अन्य खर्च वापतको रकम रु.८,०९,८०० का सम्बन्धमा सभामा छलफल गरी अनुमोदन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित भयो ।

**निर्णय नं. ३ :** यस जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँके र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा काभ्रेपलाञ्चोक बीच एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा तीनवटै वित्तीय संस्था लिमिटेडको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit-DDA) गर्न नियुक्त मुल्याङकनकर्ता लेखा परीक्षक एन.वि.रोकाया एण्ड एसोसिएट्सबाट (N.B. Rokaya & Associates) प्राप्त प्रतिवेदनका आधारमा गणना गरिएको शेयर स्वाप अनुपातलाई बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को विनियम ९ को खण्ड 'क' मा भएको व्यवस्था बमोजिम Due Diligence Audit प्रतिवेदनमा उल्लिखित खुद सम्पत्तिको बढीमा १० प्रतिशतले आधार नेटवर्थ (Base Net Worth) मा थपघट गरी गणना गर्न सक्ने ब्यबस्था भए बमोजिम संयुक्त मर्जर समितिको निर्णयानुसार मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको खुद सम्पत्तिमा क्रमशः ९.९० प्रतिशत

र ९.५७८ प्रतिशतले हुने रकम थप गरी समायोजित खुद आधार नेटवर्थ गणना गरेर सोको आधारमा सिफारिस गरिएको जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर आदान प्रदान अनुपात (Share SWAP Ratio) क्रमशः १:१:०.८१ लाई सञ्चालक समितिले निर्णय गरी पेश गरेकोमा यस साधारण सभामा छलफल गरी प्रस्तावित शेयर आदान प्रदान अनुपात (Share SWAP Ratio) सहित युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँके र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा काभ्रेपलाञ्चोकलाई यस वित्तीय संस्था गाभ्ने (Merger) सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने निर्णय सर्वसम्मत रुपमा पारित भयो ।

**निर्णय नं. ४ :** नेपाल राष्ट्र बैंकबाट गाभ्न गाभिनका लागि सैद्धान्ति सहमति तथा यस जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit-DDA) प्रतिवेदन प्राप्त गरे पश्चात् बैंक तथा वित्तय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ७३ र बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को विनियम ११ मा भएको व्यवस्था समावेश गरी संयुक्त मर्जर समितिले तयार गरी सञ्चालक समितिमा सिफारिस गरेको अन्तिम सम्झौता र व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection) लाई सञ्चालक समितिले निर्णय गरी सभामा पेश गरेकोमा यस साधारण सभाले अन्तिम सम्झौता र व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection) प्रस्ताव पारित गर्ने निर्णय सर्वसम्मत रुपमा पारित भयो ।

**निर्णय नं. ५ :** युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँके र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा काभ्रेपलाञ्चोक यस वित्तीय संस्था लिमिटेडमा गाभिने प्रस्ताव पारित भैसकेकोले दुवै वित्तीय संस्था लिमिटेडको जारी तथा चुक्ता पुंजी र शेयर लगत यस वित्तीय संस्था लिमिटेडको प्रबन्धपत्रमा समावेश गरी अध्यावधिक गर्नुपर्ने भएकोले संलग्न अनुसूची १ बमोजिमको तीन महलेमा उल्लिखित प्रबन्धपत्रको दफा ६ को (ख), (ग), (घ), (ङ) र (च) मा संशोधन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित भयो ।

| दफा | साविक व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ६ (ख) | वित्तीय संस्थाको जारी पुंजी रु. १,७५,१२,३५,५६२।- (अक्षरमा एक अर्ब पचहत्तर करोड बाह्र लाख पैतीस हजार पाँच सय बासठ्ठी मात्र ) हुनेछ । सो पुंजीलाई प्रति शेयर रु. १००।- दरका १,७५,१२,३५५।६२ ( एक करोड पचहत्तर लाख बाह्र हजार तीनसय पचपन्न दशमलव छ दुई ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पुंजी रु. १,९८,८४,०४,३१२।- (अक्षरेपि एक अर्ब अन्ठानब्बे करोड चौरासी लाख चार हजार तीन सय बाह्र मात्र) हुनेछ । सो पुंजीलाई प्रति शेयर रु. १००।- दरका १,९८,८४,०४३।१२ (एक करोड अन्ठानब्बे लाख चौरासी हजार त्रिचालिस दशमलव एक दुई ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ने.रा.बैंकबाट जीवन विकास लघुवित्त वित्तीय संस्था लि., युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. क्रमशः १:१:०.८१ अनुपातमा शेयर प्रदान गर्ने गरी एक आपसमा गाभ्न/गाभिन सहमति भई अन्तिम स्वीकृति पाइसकेकोले तीनवटै वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी शेयर स्वाप अनुपात बमोजिम एकीकृत गरी जीवन विकास लघुवित्त वित्तीय संस्थामा समावेश गर्नुपर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| ६ (ग) | वित्तीय संस्थाको चुक्ता शेयर पूँजी रु. १,७५,१२,३५,५६२।- (अक्षरमा एक अर्ब पचहत्तर करोड बाह्र लाख पैतीस हजार पाँच सय बासठ्ठी मात्र ) हुनेछ । | वित्तीय संस्थाको चुक्ता शेयर पूँजी १,९८,८४,०४,३१२।- (अक्षरेपि एक अर्ब अन्ठानब्बे करोड चौरासी लाख चार हजार तीन सय बाह्र मात्र ) हुनेछ । | नोट : जीवन विकास लघुवित्त वित्तीय संस्था लि.को चुक्ता पुंजीमा युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.को चुक्ता पुंजी रु. १४८५७५ हजार र मानुषी लघुवित्त वित्तीय संस्था लि.को चुक्ता पुंजी रु. १०,९३,७५ हजारको ०.८१ को अनुपातमा ले हुने चुक्ता पुंजी रु. ८,८५,९३.७५ हजार समावेश गरिएको । |
| ६(घ) | वित्तीय संस्थाले जारी पूँजीको ३२.५ प्रतिशत साधारण शेयर सर्वसाधारणलाई विक्रीको लागि छुट्याएको छ । | वित्तीय संस्थाले जारी पूँजीको ३२.४७ प्रतिशत साधारण शेयर सर्वसाधारणलाई विक्रीको लागि छुट्याएको छ । | जीवन विकास लघुवित्त वित्तीय संस्था, युनिक नेपाल लघुवित्त वित्तीय संस्था र मानुषी लघुवित्त वित्तीय संस्था को संस्थापक सर्वसाधारणको शेयर अनुपात क्रमश: ६७.५:३२.५, ७०:३० र ६४:३६ भएकोमा शेयर स्वाप अनुपात १:१:०.८१ को आधारमा शेयर समायोजन गर्दा परिवर्तन हुने भएकोले । |
| ६(ङ) | संस्थापक शेयरधनीहरुलाई समूह (क) मा वर्गीकरण गरिएको छ । यस समूहको शेयर स्वामित्व ६७.५ प्रतिशत हुनेछ । | संस्थापक शेयरधनीहरुलाई समूह (क) मा वर्गीकरण गरिएको छ । यस समूहको शेयर स्वामित्व ६७.५३ प्रतिशत हुनेछ । | |
| ६(च) | सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३२.५ प्रतिशत हुनेछ । यस समूहको कूल शेयर मध्येबाट जारी पूँजीको ०.५० प्रतिशतसम्म शेयर वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिने छ । | सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह ( ख) मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३२.४७ प्रतिशत हुनेछ । | |

**निर्णय नं. ६ :** यस जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँके र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा काभ्रेपलाञ्चोक बीच एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियमकारी निकायहरुबाट अन्तिम सम्झौता पत्र र व्यवसायिक योजना तथा प्रक्षेपण लगायत अन्य कुनै बिषयमा थपघट, संशोधन एवं परिमार्जन गर्न निर्देशन भएमा सो समेत समावेश गरी संशोधन एवं परिमार्जन गर्ने लगायतका अन्य कार्य तथा गाभ्ने/गाभिने सम्बन्धी सम्पुर्ण प्रक्रिया पुरा गरी एकीकृत कारोवार गर्ने अधिल्लो दिनसम्म हुने खर्च रकम स्वीकृत गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित भयो ।

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.

**निर्णय नं. ७ :** यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मूल्याङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएकोमा सभामा सो प्रस्ताव उपर विस्तृत रुपमा छलफल भई प्रस्ताव गरिए अनुरुप नै गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धी उल्लेखित कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित भयो ।

**ख) विविध प्रस्तावहरु तर्फको निर्णय :**

**निर्णय ख) विविध :** आजको यस विशेष साधारणसभामा विविध प्रस्ताव अन्तर्गत अन्य कुनै प्रस्तावहरु नरहेको व्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

प्रस्तावहरुको प्रस्तुती र छलफल तथा निर्णयको प्रक्रिया समाप्त भएकोले कम्पनी सचिवले उपस्थित सम्पूर्ण शेयरधनीहरु, अतिथि एवं पर्यवेक्षकहरु सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो र सभाको समापन गरिदिनु हुन सभा अध्यक्षलाई अनुरोध गर्दै सभाबाट बिदा माग्नुभयो ।

**१२) सभाको समापन :**

अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, आमन्त्रित अतिथि एवं पर्यवेक्षकहरु, शेयर रजिष्ट्रार प्रतिनिधि, सुरक्षाकर्मी लगायत वित्तीय संस्थाका कर्मचारीहरु समेतलाई उत्साह एवं उमङ्गका साथ धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा संलग्न भई यस विशेष साधारणसभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा धन्यवाद दिनुहुँदै सभा समापन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| **दामोदर रेग्मी** | **बिक्रमराज सुवेदी** |
| **कम्पनी सचिव** | **अध्यक्ष** |

**ईति सम्वत् २०८३ साल असार १० गते बुधवार ।**